**आकाशवाणी खरसाङ, प्रादेशिक समाचारः नेपाली**

मितिः २७ दिसम्बर २०२४

समयः १८:५० – १६:०० बजे

**मुख्य समाचार**

१. कालेबुङको ११ माइल क्षेत्रमा आज अपराहन्न भीषण आगलागी ६ वटा घर र दोकान जलेर खरानी।
२. डुवर्स नेपाली साहित्य विकास समितिको तीन दिवसीय स्वर्ण जयन्ती भोली रंगारंग सांस्कृतिक कार्यक्रमका साथ सम्पन्न हुने।
३. पश्चिम बंगाल पुलिसको एसटिएफ ले कूचबिहार -कोलकाता लानेक्रममा १०५ किलो गाजा जफ्त गरी पाँचलाई पक्राउ गरेको छ।
४. पख्मि बंगालमा रेलवेमा भर्ती गराउने फर्जी रैकेटको भण्डाफोड गरेको छ। रैकेटमा सामेल दुईजना पक्राउ गरिएको छ।
५. प्रधानमंत्री नरेन्द्र मोदीले भोली बिहान ११ बजे आकाशवाणीको मनकी बात कार्यक्रममा आफ्नो विचार देशवासीहरू समक्ष साझा गर्नु हुनेछ।
६. पूर्व राष्ट्रपति तथा कांग्रेस नेता स्वर्गीय प्रणव मुखर्जीको निधन हुन्दा अहिले ड़ा. मनमोहन सिंहको जस्तो कांग्रेसले सम्मान नदिएको शमिष्ठा मुखर्जीको आरोप ।
७. नयाँ सालमा साथै दार्जीलिङ पाहाड़, तराई , डुर्वस जाड़ो बढ़ने अनुमान मौसम विभागले गरेको छ।

कालेबुङ-आगो

कालेबुङको ११ माइल क्षेत्रमा आज अपराहन्न भीषण आगलागी भएको छ। जानकारी अनुसारए आगलागीबाट लगभग ६ वटा घर र दोकान पूर्ण रूपमा जलेर नष्ट भएको छ। प्रत्यक्षदर्शीहरूले आगो कसरी लागेको हो भन्नेबारे पुष्टि हुन नसकेको बताएका छन्। आगो तीव्र रूपमा फैलिएकाले नियन्त्रणमा ल्याउन कठिनाइ भएको थियो। घटनाको जानकारी पाएपछि अग्नि शमन विभागका तीनवटा गाडी घटनास्थलमा पुगे तापनि आगोको तीव्रताको कारण यसलाई नियन्त्रणमा ल्याउन कठिनाई भएको जनाइएको छ। आगलागीबाट कुनै मानवीय क्षतिको खबर आएको छैन। आगलागीबाट लगभग ५० लाख बराबरको धनमालको क्षति भएको जनाइएको छ।

****** ० ******

**डुवर्स-स्वर्ण जयन्ती**

डुवर्स नेपाली साहित्य विकास समितिको तीन दिवसीय स्वर्ण जयन्ती महोत्सव वीरपाड़ा नेपाली हाई स्कुलमा भइरहेको छ। हिजो २७ दिसम्बरदेखि शुरू भएको महोत्सव भोलि २६ दिसम्बरमा समाप्त हुनेछ। डुवर्सको माउ संस्था डुवर्स नेपाली साहित्य विकास समितिले पचास वर्ष पुरा गरेको अवसरमा भव्य रूपमा तीन दिवसीय स्वर्ण जयन्ती महोत्सव पालन गरिरहेको छ। डुवर्सको सामाजिक चेतनामा नवजागरण ल्याउन विकास समितिले अहम् भूमिका निर्वाह गरेको अनि संस्थाले डुवर्सका नेपाली भाषीहरूका सामाजिक जागृति र सृजनात्मक अभिवृद्धिमा अभिभावकीय मार्गदर्शन प्रदान गर्दै आइरहेको छ। हिजो महोत्सवको पहिलो दिन उद्धाटन सत्रए श्भारतीय नेपाली साहित्यको दशा र दिशाश विषयमा वार्ता अनि डुवर्सका वरिष्ठ अनि नवकलमकारहरूको कविता वाचनको साथमा डुवर्स कवि गोष्ठी पनि आयोजना गरियो। आज दोस्रो दिन अन्तर्राष्ट्रिय कवि गोष्ठीए श्साहित्य र समाजश विषयमा वार्ता अनि साङ्गीतिक साँझ प्रस्तुत गरियो। भोली अन्तिम दिन सिक्किम सरकारबाट प्रतिनिधि अनि दार्जीलिङका सांसद राजु विष्ट मुख्य अतिथि उपस्थित रहनुहुने भएको छ। साथमा भोलि संस्थापक सम्मानए प्रतिभा सम्मानए नागरिक सम्मानए पुस्तक लोकार्पण आदि इत्यादि कार्यक्रमहरू रहेको छ भने साँझमा चर्चित गायक-गायिकाको साथमा सांस्कृतिक साँझको आयोजना गरिनेछ। महोत्सवमा थप आकर्षणको रुपमा तीन दिवसीय सांस्कृतिक प्रदर्शनीए पुस्तक मेलाए जातीय खाद्य स्टल अनि सांस्कृतिक झाँकीहरूको प्रदर्शनी रहेको छ।

****** ० ******

**पश्चिम बंगाल-गाँजा**

पश्चिम बंगाल पुलिसको विशेष कार्य दल (एसटीएफ) ले हिज अबेर राती मुर्शिदाबाद जिल्लामा ठुलो कार्यवाही गर्दै १ सय ५ किलो गांजा जफ्त गरेको छ तथा तस्करी मा लिप्त पांच जना मानिसहरुलाई गिरफ्तार गरेको छ। पुलिस अनुसार तस्करहरुले उत्तर बंगाल को कूचबिहार बाट गांजा लिएर कोलकाता गइरहेका थिए। तस्करहरुले गाँजा तस्करी गर्न आईसीयू एंबुलेंस को प्रयोग गरेको पनि सुत्रले बताएको छ। हाल सबै आरोपितहरुलाई न्यायिक हिरासत मा पठाइएको छ भने मामला को जांच जारी छ।

****** ० ******

**रोजगार रैकेट**

पश्चिम बंगाल पुलिस ले एक ठुलो अंतर्राज्यीय फर्जी रेलवे रोजगार रैकेट को भांडाफोड़ गरेको छ। यस गुटको मुख्य केंद्र आसनसोल का औद्योगिक अनि कोयला क्षेत्र मा रहेको बताइएको छ। पुलिस ले यस मामला मा दुइ जना व्यक्तिलाई गिरफ्तार गरेको छ। यी दुवैलाई उत्तर प्रदेश को राजधानी लखनऊबाट गिरफ्तार गरी आज आसनसोल ल्याइएको छ।

****** ० *****

**पीएम मनकी बात**

प्रधानमन्त्री नरेन्द्र मोदीले भोलि आकाशवाणीको श्मन की बातश कार्यक्रममा देश विदेशका मानिसहरू सँग आफ्नो विचार साझा गर्नुहुनेछ। यो मासिक कार्यक्रमको ११७ औँ शृङ्खला हुनेछ। मन की बातको प्रसारण आकाशवाणी अनि दूरदर्शनका सबै नेटवर्कए आकाशवाणी समाचार वेबसाइट अनि न्यूज अन ए. आई. आर. मोबाइल ऐप द्वारा गरिनेछ। यसलाई आकाशवाणी समाचारए डीडी न्यूजए पी. एम. ओ अनि सूचना एवं प्रसारण मन्त्रालयको यू ट्यूब च्यानलमा सीधा प्रसारण गरिनेछ। हिन्दी प्रसारणको लगत्तै पछि आकाशवाणी क्षेत्रीय भाषाहरूमा पनी कार्यक्रम प्रसारण गरिनेछ।

****** ० ******

**कंग्रेस-स्मारक-आलोचना**

पूर्वराष्ट्रपति स्वर्गीय प्रणव मुखर्जीकी छोरी शर्मिष्ठा मुखर्जीले, कांग्रेस अध्यक्ष मल्लिकार्जुन खर्गेले प्रधानमन्त्री नरेन्द्र मोदीलाई पूर्वप्रधानमन्त्री डा मनमोहन सिंहको छुट्टै स्मारक बनाउन माग गरेको प्रस्तावको आलोचना गर्नुभएको छ। पूर्व राष्ट्रपति प्रणव मुखर्जीकी छोरी शर्मिष्ठा मुखर्जीले २०२० मा प्रणव मुखर्जीले प्राण त्याग गर्नु भएको समय कांग्रेस कार्यसमितिले शोक सभा समेत नबोलाएको आरोप लगाउनु भएको छ। उल्लेखनीय छ पूर्व प्रधानमन्त्री मनमोहन सिंहको दिल्लीको अखिल भारतीय आयुर्विज्ञान संस्थान (एम्स) मा गत बिहीबार राति ९२ वर्षको उमेरमा निधन भएको छ। यसै बीच केंद्रीय गृह मंत्रालय ले पूर्व प्रधानमंत्री डॉ. मनमोहन सिंह को स्मारक बनाइनको लागि ठाउँ आवंटित गर्ने भएको छ।

****** ० ******

**राजू विष्ट**

भारतीय जनता पार्टीका सदस्यता अभियान अन्तर्गत आज दार्जिलिङ संसदीय क्षेत्रका सांसद राजु विष्ट खरसाङ आईपुग्नु भएको छ। यस क्रममा उहाँले खरसाङ बजार क्षेत्रमा घुमेर भाजपाको सदस्यताको लागि मानिसहरुसित आह्वान् गर्नुभयो। उहाँसित भाजपा दार्जिलिङ जिल्लाका पदाधिकारीहरु र खरसाङ क्षेत्रका भाजपाका पदाधिकारीहरु उपस्थित रहेका थिए। यस क्रममा सांसद राजु विष्टले खरसाङको विभिन्न दोकानहरुमा गएर साथै विभिन्न मानिसहरुसित भेटघाट गर्दै भाजपाको सदस्यताको लागि बातचीत गरेका थिए। यसको साथै सांसद राजु विष्टले खरसाङको जनतासित पनि भेट गर्दै जनताले भोगिरहेका दुःख तथा समस्याहरु पनि सुन्नुभयो। यस क्रममा पत्रकारहरुलाई सम्बोधन गर्दै सांसद राजु विष्टले आफ्नो संसदीय क्षेत्रमा जनतासित भेटघाट गर्न आफु आउनु भएको जुन चाहिँ आफ्नो कर्तव्य रहेको श्री विष्टले बताउनुभयो। भाजपा कार्यकर्ताहरुले सदस्यता अभियान चलाईरहेको कारणले आफु पनि यस सदस्यता अभियानमा सामेल भएको जानकारी पनि सांसदले गराउनुभयो। यसको साथै सांसद राजु विष्टले यस क्षेत्रका जनताले बारबार आफुलाई भोट दिएर जिताएकोमा आभार प्रकट गर्दै यस क्षेत्रका जनतामा प्रशस्त क्षमता रहेको तर राज्यको व्यवस्था सठीक नभएकोले यस्तो अवस्था भएको बताएका छन्। उहाँले योजनाहरु धैरै आउने र बजेटहरु पनि धैरै आउने गरेको तर भ्रष्टाचारको कारणले राम्रो काम नभईरहेकोले राज्यमा सत्ता परिवर्तनको साथै केन्द्रमा पनि एउटै सरकार भएपछि काम गर्न सुविधा हुने पनि बताउनुभयो।

****** ० *****

**एनजेपी-पक्रउ**

एनजेपी थाना पुलिसले आग्नियास्त्र को साथमा दुइ युवकलाई आज गिरफ्तार गरेको छ। सूत्र अनुसारए  पुलिसले आज गुप्त सूचनाको आधारमा कंठालबस्ती श्मशान घाट क्षेत्रमा अभियान चलाएर दुइ युवकलाई पक्राउ गरेको हो। जाँचको अवधि युवकहरुबाट एउटा आग्नियास्त्र अनि तीन राउंड कारतूस जफ्त गरिएको छ। पुलिसले आरोपितहरुलाई गिरफ्तार गरी अघि को  कार्यवाही शुरू गरिदिएको छ।

************

**फुटबल-घैयाबारी**

घैयाबारी स्पोटर्स एसोसिएसनको आयोजनामा घैयाबारीको नेताजी हाई स्कूलको खेल मैदानमा भईरहेको नगदराशि फुटबल टुर्नामेन्ट अन्तर्गत आज चाँद एफसी अनि सालबारी युनाइटेड माझ भएको खेलमा चाँद एफसीले १ को विरुद्ध २ गोल गरेर दोस्रो चरणमा प्रवेश गरेको छ। अब भोलि हुने खेल नयाँ कमान एफसी र दर्पण सेभेन सिलगढीमाझ सम्पन्न हुने भएको छ।

****** ० ******

**मौसम**

मौसम विभागले नयाँ वर्षको आगमन साथै राज्यमा जाड़ो अझ बढ़ेर जाने अनुमान व्यक्त गरेको छ। विभाग अनुसार नयाँ वर्षको शुरुआत साथै राजधानी कोलकाता बाहेक हावड़ाए  हुगलीए  उत्तर अनि दक्षिण २४  परगनाए  पूर्व अनि पश्चिम मेदिनीपुरए पुरुलियाए  बांकुड़ा साथै उत्तर बंगाल को अलीपुरदरए  कूचबिहारए  जलपाईगुड़ीए  दार्जिलिंग अनि कलिमपोंग मा पनि जाड़ो धेरै बढ़ेर जानेछ। यसको साथै दक्षिण बंगाल मा आगामी २४  घंटाको अवधि तापमान मा एक-दुइ डिग्री सेल्सियस को बढ़ोतरी हुन सक्नेछ भने आगामी सोमवार-मंगलवार देखि तापमान मा कमी आउन शुरू हुने पनि विभागले बताएको छ।

****** ० ******